जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ३१ २०८१ साल भदौ ७ गते शुक्रबार (23 Aug. 2024 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : 'जलवायु परिवर्तनको असरस्वरुप.. ३ पृष्ठमा : त्रिवि पदाधिकारीमाथि आक्रमणको ... ३ पृष्ठमा रिएक्टर विस्फोटमा परी ...

## जयमालाको मृत्यु प्रकरण

# सवारी दुर्घट्नका आरोपी साह जेल चलान

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

सप्तरीको कंचनरूप नगरपालिकामा झण्डै तीन महिनाअघि एक महिलाको सवारी दुर्घट्नमा मृत्यु प्रकरणमा पक्राउ परेका पप्पु भनिने संजिव साहलाई पुर्पक्षका लागि बिहीवार कारागार चलान गरिएको छ ।

सप्तरी जिल्ला अदालत ईजलाश नं. ७ का जिल्ला न्यायाधीश संजिव पोखरेलको ईजलाशले पुर्वपक्षका लागि कारागार चलान गर्ने निर्णय गरेको हो । अदालतले साहलाई थुनामा राखेर अनुसन्धान अघि बढाउन आदेश दिएको छ ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरले साहलाई गत साउन २१ गते पक्राउ गरेर अनुसन्धान सुरु गरेको थियो ।

कंचनरुप नगरपालिका वडा नं. ८ की ५७ वर्षीया जयमाला गुप्ताको गत जेठ ९ गते सवारीका ठक्करले मृत्यु भएको थियो । ठक्करले गम्भीर घाइते भएकी उनको



विराटनगरमा उपचारका क्रममा ज्यान गएको थियो । यद्यपी ठक्कर दिने मोटरसाइकलको पहिचान भने हुन सकेको थिएन् ।

प्रहरीको लामो अनुसन्धानपछि कंचनरूप नगरपालिका वडा नं. ८ का साह पक्राउ परेका थिए । जेठ ९ गते राति साढे ८ बजे महायज्ञ स्थलबाट घर आउने क्रममा तत्काल नम्बर खुल्न नसकेको मोटरसाइकलले कञ्चनपुर-फतेपुर सडक खण्डमा ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिइन् । ठक्करबाट 'सिभियर ब्रेन इन्जुरी' भई अस्पताल भर्ना गरिएकी जयमालाको उपचारका क्रममा गत १५ जेठमा विराटनगरमा मृत्यु भएको थियो ।

दुर्घटना भएको लामो समयसम्म प्रहरीले दोषीलाई पक्राउ गर्न नसकेको भन्दै मृतकका छोरा डा. तुलाकृष्ण गुप्ताले पत्रकार सम्मेलनमार्फत गुनासो पोख्दै आएका थिए ।

# तीन व्यवसायी कारवाहीमा



**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

संयुक्त बजार अनुगमन टोलीले विहीवार राजविराजका तीन व्यवसायीलाई कारवाही गरेको छ ।

राजविराज ७ स्थित हाटबजारका पसलहरुमा अनुगमन गर्दै खाद्य, चिसो पेय, श्रृगांर समाग्री, किराना लगातयका एक दर्जन भन्दा बढी पसलमा अनुगमन गरेको थियो ।

चाडपर्व नजिकिएका बेला बजारमा म्याद गुज्रेका, अखाद्य बस्तु विक्री हुने गरेको तथा उपभोग्य समाग्रीको मनपरी मुल्य कायम गरिएको गुनासो बढेपछी सो अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा पसलमा रहेको सरसमानको भन्सार काटेको रसिद तथा आवश्यक विलविजक देखाउन नसकेको वालइमरान जेनरल स्टोर्सलाई अनुगमन टोली १० हजार रुपैया जरिवाना गरेको छ ।

यस्तै म्याद गुज्रेको समान फेला परेको आयुष किराना पसललाई ५ हजार रुपैया जरिवाना गरिएको टोलीका प्रमुख सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र प्रसाद यादवले बताए ।

यस्तै म्याद गुज्रेका करिब एक हजार मुल्य बराबरको चिसो पेय पर्दाथ गुणानन्द किराना पसलबाट जफत गरी नष्ट गरिएको छ ।

अनुगमनका क्रममा अधिकाँश पसलमा मुल्य तथा भाउमा एकरुपता नभएको, लेवल नभएको, क्रेतालाई विलविजक नदिएको लगायतका समस्या देखिएको राष्ट्रिय उपभोक्ता मञ्च मधेश प्रदेशका उपाध्यक्ष गुप्ताले बताए ।

सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र यादवको नेतृत्वको टोलीमा घरेलु तथा साना उधोग कार्यालयका प्रतिनीधी विरेन्द्र साह, उधोग बाणिज्य संघका प्रतिनीधी कमल प्रसाद साह, राष्ट्रिय उपभोक्ता

***बाँकी तीन पृष्ठमा***

# तीन दिनभित्र फाइलमा निर्णय दिने प्रणाली ल्याउँछौं : प्रधानमन्त्री

काठमाडौं, ६ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि मन्त्रालयमा रहेका निर्णय गर्नुपर्ने फाइलबारे तीन दिनभित्र जवाफ दिने प्रणाली विकास गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदका प्रश्नको उक्त दिँदै उहाँले तीन दिनभित्र दिनुपर्ने र कुन फाइल कहाँ छ भन्ने जानकारी 'अनलाइन'बाट हुने नागरिक एपमा राष्ट्रिय परिचयपत्र र चालक अनुमतिपत्रलाई आबद्धताको प्रक्रिया अघि बढेको पनि जानकारी दिनुभयो ।

# सवारी दुर्घटनामा एक जनाको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ६ भदौ ।**

सुनसरी सदरमुकाम इनरुवा-४ बस चोकमा बुधबार साँझ सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

दुर्घटनामा परी भोक्राहा नरसिंह गाउँपालिका-२ का रमानन्द मेहताको मृत्यु भएको हो ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना३ख १४५ नम्बरको ट्रकले को२२प ४०८० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार मेहताको घटनास्थलमै मृत्यु भएको हो ।

नोबेल अस्पतालमा उपचार गरी घर फर्कंदै गर्दा मेहता चढेको मोटरसाइकललाई ट्रकले ठक्कर दिएको थियो ।

मेहताको शव परीक्षणका लागि जिल्ला अस्पताल इनरुवामा राखिएको छ । ठक्कर दिने सवारी र चालक जिल्ला प्रहरी कार्यालय सुनसरीको नियन्त्रणमा रहेको छ ।

## विपद व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनावाट विपदको वारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनावाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य बस्तुको सञ्चय गरौं,
- बालवालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## सम्पादकीय

### भ्रष्टाचार निर्मुल गर्नेतर्फ ध्यान पुगोस

कम परिश्रम गरेर छिटो धनी बन्ने सपना बोक्नेहरु व्यक्तिहरु अहिले अधिकांश देखिने गरेका छन्। घुस लने र दिने दुबै दोषि हुन्। यतिको थाहा पाउँदै पनि घुस लिने र दिने कार्य बढीरहेको छ। कार्वाहीमा परे पनि घुस लिने र दिनेको मनोवलमा भने कमी आउन सकेको छैन। हाम्रो मुलुक भ्रष्टाचार बढी हुने मुलुकहरुको सूचीमा पर्दछ। सरकारी, गैरसरकारी वा व्यापारिक प्रष्ठिान जुनसुकै क्षेत्रमा पनि अहिले भ्रष्टाचार व्याप्त छ। सरकारको अहिलेको चुनौती भनेकै भ्रष्टाचारलाई न्यून गर्नु हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले दिनहुँ जसो मुलुकमा विभिन्न भागहरुबाट घुस सहित कर्मचारीहरु नियन्त्रणमा लिइरहेको छ। आफ्नो काम छिटो गराउनका लागि सेवाग्राहीहरुले नै घुस दिइरहेका हुन्छन्। भने कतिपय ठाउँमा अनावश्य रुपमा कामलाई कर्मचारीले लम्ब्याएर सेवाग्राहीसँग घुस मागेका हुन्छन्। यस्तो अवस्था आउनु हाम्रो जस्तो सानो मुलुकका लागि चिन्ताको विषय हो। सिंहदरबार गाउँमा आयो भन्ने गरिए पनि धेरै जसो स्थानीय तहका सम्बन्धमा भ्रष्टाचार बढ्यो भन्ने गुनासो नसुनिएका होइनन्। यो भ्रष्टाचार सरकारी निकायमा मात्र होइन, गैरसरकारी र व्यापारिक प्रतिष्ठानहरुमा पनि  हुने गरेको छ।

भ्रष्टाचार नियन्त्रण गर्न कानून बनाउने र सो कार्यान्वयन गर्ने पक्ष सरकारले गरे पनि यो घट्नुको साटो बढ्दै गएको छ। तसर्थ यसका लागि कानुनको कडा र इमान्दारीता पालनाका साथै नैतिक शिक्षाको बोध गराउनु आवश्यक छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# ‘जलवायु परिवर्तनको असरस्वरुप सोलुखुम्बुको हिमताल फुटयो’

**अनिल पोखरेल**
काठमाडौँ, ६ भदौ (रासस)।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा पर्छ थामे बजार। सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा पदयात्रा जानेहरू थामेमा बास बस्ने गर्थे। तर २०८१ साउन ३२ गते शुक्रबार दिउँसो करिब १ बजे ठूल्ठूला ढुङ्गा र गेग्रानसहितको भीषण बाढीले हेर्दाहेर्दै रमणीय थामे बजारलाई ढुङ्गे बगरमा परिणात गर्‍यो। अकस्मात आएको बाढीले पर्यटकीय गाउँ थामे बजारका १३ वटा घर पूर्ण रूपमा र १० वटामा आंशिक क्षति भएको छ। एउटा विद्यालय, एउटा स्वास्थ्यचौकी पनि बगायो। उक्त दिन पानी खासै परेको थिएन र पनि लेदोसहितको यति ठूलो बाढी र गेग्रान कसरी आयो भन्ने सबैमा ठूलो प्रश्न थियो।

शनिबार बिहान रक्षामन्त्री मानवीर राईको नेतृत्वमा हामी थामे बजार पुग्यौँ। त्यहाँ पुगेर प्रभावित परिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्नाका साथै स्थलगत अवलोकन र स्थानीयसँग अन्तरक्रिया गर्‍यौँ। थामे बजारबाट थामे खोलाको मुहानतर्फ लाग्यौँ। त्यहाँ पाँचवटा तालहरू देख्यौँ। त्यो मध्येको सबैभन्दा माथि रहेको ठूलो तालबाट पानी भरिएर बरफसँगै तल्लो तालमा गएर बजारिए छ। त्यसले ठूलो छाल बनाएर निकासतर्फको भाग भत्काएर बाहिर निस्केछ। यस्तो प्रक्रियालाई हिमताल फुटेको भनिन्छ। उक्त पानीले दायाँबायाँका ढुङ्गा, गेग्रानलाई खोतलेर तल लगेर थामे बजारमा थुपार्‍यो।

जल तथा मौसम विज्ञान विभाग, प्राविधिक र विषयविज्ञको सहभागितामा सो घटनाको विस्तृत अनुसन्धान गर्न टोली गठन गरेका छौँ। उक्त टोलीले अध्ययन गरिसकेपछि मात्रै निष्कर्षमा पुग्न सकिन्छ। सामान्यतः घटनास्थलको सरसर्ती अवलोकन गर्दा तापक्रम वृद्धिकै कारणले हिमताल विस्फोट भएको अनुमान गर्न सकिन्छ। अहिले कति तापक्रम वृद्धि भयो, विगतको तापक्रमको घटबढको अवस्था के थियो भन्ने पनि अध्ययन गर्छौं। म आफैँले सो क्षेत्रको स्थलगत अवलोकन गरेँ। त्यहाँ पातला कपडा लगाउँदा पनि सो उचाइमा आश्चर्यजनक गर्मी महसुस भइरहेको थियो। थामे बजारका स्थानीयसँग अन्तरक्रिया गर्दा पनि उहाँहरूले तीन/चार दिनदेखि नै कालानिला बादल मडारिरहेको बताउनुभयो। बौद्ध धर्म परम्पराअनुसार उहाँहरूले तालसम्म पुगेर पूजाआजा गर्ने उद्देश्यका साथ तयारी गर्नुभएको रहेछ। उहाँहरूका अनुसार बाढी आउने दिन बिहान सो क्षेत्रमा पानी परेको थिएन। तर त्यस दिन कालो बादल थियो। उहाँहरूले अहिलेसम्म त्यसखालको कालो बादल नदेखेको बताउनुभयो।

मसिनो तर लगातार पानी परिरहेको, हफ्पी गर्मी। पानी र तापक्रम दुवैका कारण पहिलो ताल फुट्यो। ताल फुटेको सुनिश्चित गर्न हामीले हेलिकोप्टरबाट दुई राउण्ड नजिकबाट अवलोकन गर्‍यौँ। ताल फुट्नु पछाडिको कारण भनेकै तापक्रम ह्वात्त बढ्नु हो। त्यो पहिलो पटक फुटेको देखिन्छ। हिमताल पग्लिएपछि माथिल्लो तालबाट हिउँको डल्लासहित तल्लो तालमा बजारिएको अनुमान गर्न सकिन्छ। तल्लो तालको निकासतर्फको भूभाग कमजोर रहेछ। त्यसको भित्र सयौँ वर्षदेखिको हिउँको ढिक्का चट्टान रहेको हुनसक्छ। तापक्रम वृद्धि भएपछि त्यो आफैँ पग्लिन थालेको अवस्थामा माथिल्लो तालबाट पानी र बरफ बगेर आइसकेपछि त्यसको छालले तल्लो तालको मुख फोड्यो। माथिबाट पानी र बरफ बज्रिएपछि दोस्रो ठूलो तालको पहिल्यै कमजोर भइसकेको मुख फुटयो। माथिल्लो तालको केहीसहित त्यो पानी ह्वात्तै बग्यो।

माथिल्लो ताल अहिले पनि टिलपिल टिलपिल नै छ। पहिलो तालबाट कति पानी गयो त्यो अहिल्यै भन्न सकिँदैन। रित्तिएको भनेको दोस्रो ताल हो। यसको मुल जड तापक्रम वृद्धि भएर हिमताल पग्लिएर फुटेको हो। सो घटनाको विस्तृत अध्ययन गर्न गठित टोलीले अध्ययन गरेर सो क्षेत्रमा पछिल्ला समय घटबढ भएका तापक्रमको विश्लेषण गरेर निष्कर्ष निकाल्छ। जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा जोखिम बढ्दो छ भन्ने स्पष्ट भएको छ। थामे बाढीले यसको थप पुष्टचाइँ गर्छ। जलवायु परिवर्तनकै कारण उक्त घटना भएको हो। किनभने सो क्षेत्रमा कुनै पनि मानवीय गतिविधि छैन। हिमताललाई खल्बल्याउने गरी डोजर चलाउने, रुख काट्ने तथा मानवीय संरचना बनाउने कार्यले सो घटना भएको होइन। मुलतः जलवायु परिवर्तनको असरस्वरुप हिमताल फुटेको निष्कर्षमा पुगेका छौँ। यसलाई पुष्टचाइँ गर्ने आधार, विगतका वातावरणीय प्रवृत्ति, अहिलेसम्म के भए भन्ने वैज्ञानिक प्रमाण जुटाएर घटनाको कारण पत्ता लगाउँछौँ।

ताल फुट्नु अघिको तालको आकार भूउपग्रह (स्याटेलाइट)को नक्साबाट निकाल्ने प्रयास गर्‍यौँ। तर बादलका कारण निकाल्न सकेनौँ। ताल रित्तिसकेपछिको आकार हेरेर पानीको मात्रा निकाल्न सक्छौँ। त्यसपछि तालबाट कति पानी बाहिर गयो र त्यसको बहाव कति थियो भन्ने निकाल्छौँ। कति पानी कति घन्टासम्म बग्यो भन्ने विषय दूरीका आधारमा पत्ता लाग्छ। पानी नाप्ने विधि छ। त्यो काम बाँकी छ। पानी मात्रै होइन, बाढीसँगै गेग्रान पनि आएको छ। त्यो पनि अध्ययन गर्छौं। स्याटेलाइटको नक्साअनुसार पहिलेको र अहिलेको अवस्था कस्तो छ, पानी, पानीको बहाव र गेग्रानको मात्रा पत्ता लगाउँछौँ। गेग्रानमा कस्ता चट्टान थिए भनेर पनि अध्ययन गर्छौं।

यस घटनाले हामीलाई विशिष्ट पाठ सिकाएको छ। हिमाली क्षेत्रमा रहेका साना ताल पनि उत्तिकै जोखिममा रहेछन्। हिमतालको जोखिम प्राथिमिकीकरण गर्ने तरिका नै पुनरावलोकन गर्नुपर्ने रहेछ। यस कामलाई प्राथमिकता दिन्छौँ। ठूल्ठूला मात्रै होइन, साना तालले पनि मुख्यगरी बस्तीलाई नोक्सानी पुर्‍याउन सक्दा रहेछन्। बस्ती एक/डेढ सय किलोमिटर तल हुँदाहुन् त त्यति क्षति गर्दैनथ्यो होला। साना ताल विस्फोट हुँदा बस्ती, पुल, जलविद्युत् आयोजना, विद्यालयलगायत संरचना नजिकै छ भने क्षति बढी हुन सक्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिवको नेतृत्वमा जल तथा मौसम विज्ञान विभाग, खानी विभाग, सिँचाइ विभाग र सरोकार भएका निकायका प्रतिनिधि तथा विषयविज्ञ सहभागी हुनुहुन्छ। सो टोलीले यसको वैज्ञानिक आधार र कारण, किन ताल फुट्यो ? र यससँग जलवायु परिवर्तनको सम्बन्ध लगायत बारेमा अध्ययन गर्छ। अर्को टोलीले सोलुखुम्बुको थामे बजारदेखि ओखलढुङ्गासम्म कुनकुन क्षेत्रमा कति नोक्सानी भए भन्ने अध्ययन गर्छ। टोलीले बाढीबाट बस्ती, स्वास्थ्य चौकी, विद्यालय, सडक, पुल, खानेपानी, जलविद्युत् आयोजना र कृषि क्षेत्रमा भएका नोक्सानीको विवरण तयार गर्छ। दुई वटा टोलीको निष्कर्षका आधारमा आगामी दिनमा थामे बजारको पुनःस्थापनाका लागि गर्नुपर्ने तयारी, नफुटेका तीनवटा तालको जोखिमको अवस्था, ती तालको पानी घटाउने सम्भावनालगायत बारेमा निचोडमा पुग्छौँ। त्यसपछि मात्रै थामे बजारको त्यहीँ पुनःनिर्माण गर्ने कि स्थानान्तरण गर्ने निर्णय गर्छौं।

सो घटना रातिमा भएको भए ठूलो मानवीय क्षति हुन सक्थ्यो। सबैभन्दा पहिला विद्यालयमा खेलिरहेका बालबालिकाले त्यो पहिरो देख्नुभएछ। सो विद्यालय थामे बजारभन्दा थोरै उत्तरमा छ। उहाँहरूले आफ्ना शिक्षकलाई सुनाउनुभएछ। शिक्षकले विद्यार्थीलाई सुरक्षित स्थानमा लैजानुभएछ। थामे उपत्यका धेरै फराकिलो छैन। नदीको खोँच जस्तो छ। केही परिवार दायाँ पट्टी र केही बायाँ पट्टी हुनुहुँदो रहेछ। इन्टरनेटको राम्रो सुविधा भएको ठाउँ र एकताबद्ध समुदाय रहेछ। बाढी देख्नेबित्तिकै उहाँहरूले सामाजिक सञ्जालका समूह (ग्रुप)मा खबर गर्नुभएछ। अहिले पर्यटकीय सिजन नभएको हुँदा त्यहाँ विदेशी पर्यटक हुनुहुँदो रहेनछ। बेलैमा खबर पाएका कारण उहाँहरू सुरक्षित स्थानमा जान भ्याउनुभएछ।

यो स्तरको घटना अहिलेसम्म व्यहोरिएकै थिएन। २०४२ सालमा डिक्छो हिमताल फुट्यो। त्यतिबेला राज्यको केही तयारी थिएन। सो हिमताल फुटेपछि मात्र नेपालमा मुख्यगरी हिमालय क्षेत्रमा हिमतालको जोखिम बढ्दो छ, यसका प्रभाव बढी हुन सक्छ भनेर नेपाल सरकार, विषयविज्ञ र अन्तर्राष्ट्रिय जगत्को चासो बढ्न थालेको हो। त्यो भन्दा अगाडि पनि थुप्रै पटक हिमताल फुटेका तथ्याङ्क भेटिन्छन्। तर यत्तिको राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो बढ्न थालेको डिक्छो हिमताल फुटेपछि नै हो। यसपछि अनवरतरूपमा हिमतालका बारेमा अध्ययन हुन थाले। नेपालमा तीन हजार छ सय २४ वटा हिमताल रहेको विभिन्न अध्ययनले देखाएका छन्। ४७ वटा जोखिमयुक्त र तीमध्ये २० वटा जुनसुकै बेला फुट्न सक्ने अवस्थाका छन्। अहिले फुटेको ताललाई जोखिमयुक्त मानिएको थिएन। जोखिमयुक्त तालका पानी घटाउनुपर्छ भनेर केही काम भएका छन्।

नेपालसँग हिमालय पर्वत क्षेत्रमै हिमतालको जोखिम न्यूनीकरणका काम गरेको विशिष्ट अनुभव छ। हिमतालको जोखिम न्यूनीकरण गर्ने कार्य आफैँमा जोखिमयुक्त र खर्चिलो पनि छ। यद्यपि, प्राधिकरणले जोखिमयुक्त तालको पानी घटाउने तथा पूर्वसूचना प्रणाली जडान गर्ने काम गरिरहेको छ। जलवायु परिवर्तनको दृष्टिकोणबाट हेर्ने हो भने बर्खाका बेलामा हिमतालको जोखिम बढी हुन्छ। मनसुनको समयमा तापक्रम पनि सरदरभन्दा बढी हुन्छ। पानी पनि परिरहेको हुन्छ। बादलले ढाकेको अवस्थामा साधारण स्याटेलाइटबाट सो क्षेत्रको तस्वीर लिन सकिँदैन। अहिले पनि सो क्षेत्रको स्पष्ट स्याटेलाइटको तस्वीर पाउन सकिएको छैन। यसका लागि विशेषखालको स्याटेलाइट क्यामेराको प्रयोग गर्नुपर्छ। यो अत्यन्त खर्चिलो हुन्छ। हिमालय क्षेत्रभर नै वर्षभर अझ मुख्यगरी मनसुनको समयमा ट्र्याक गरिरहनुपर्ने रहेछ। केही हलचल देखिएको अवस्थामा तत्कालै वैज्ञानिकको टोली पठाएर अध्ययन गर्नुपर्ने रहेछ। एक पटक मात्र जोखिम अध्ययन गरेर हुँदैन रहेछ भन्ने निचोडमा पुगेका छौँ।

हिमतालहरू सामान्यतः हिउँले पुरिएको अवस्थामा सेता हुन्छन्। कि त पानी पग्लेको अवस्थामा कञ्चन निलो

*बाँकी तीन पृष्ठमा*

# त्रिवि पदाधिकारीमाथि आक्रमणको धम्की दिनेलाई कडा कारवाहीको माग

काठमाडौँ, ६ भदौ (रासस)।

त्रिभुवन विश्वविद्यालयका पदाधिकारीमाथि साङ्घातिक हमलाको धम्की दिने व्यक्तिमाथि कडा कारबाहीको माग गरिएको छ।

राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद नरबहादुर विष्टले प्राज्ञिक थलोका रूपमा रहेको विश्वविद्यालयका पदाधिकारीमाथि आक्रमणको धम्की आउनुले मुलुकको सुरक्षा व्यवस्थाप्रति नै प्रश्न उब्जाएको बताउनुभयो।

"दुई वर्षअघि त्रिविका प्राध्यापकमाथि भौतिक आक्रमण गरेको योगेन्द्र रावल समूहले अहिले त्रिवि पदाधिकारीमाथि आक्रमणको धम्की दिएको छ, विश्वविद्यालयजस्तो प्राज्ञिक ठाउँमा साङ्घातिक हमलाको धम्की आउनु चिन्ताजनक छ, तत्काल दोषीमाथि कडा कारबाही गरियोस्", सांसद विष्टले भन्नुभयो।

सांसद उदयबहादुर बोहराले राप्ती राजमार्ग बाढी पहिराका कारण अवरुद्ध भएकाले तत्काल सो राजमार्ग मर्मतसम्भार गरी यातायात सञ्चालनको व्यवस्था मिलाउन माग गर्नुभयो। सांसद नारायणदत्त मिश्रले तीन दिनदेखिको अविरल वर्षाले कैलालीमा बाढी र डुबानका कारण करिब पाँच सय परिवार प्रभावित भएको जनाउँदै प्रभावितको उद्धारमा ध्यान दिन सरकारसँग माग गर्नुभयो।

सांसद मदनकुमारी शाह (गरिमा)ले प्रकृतिमाथि अत्यधिक दोहन गर्दा बाढी, पहिरोलगायत घटना बढ्न थालेको उल्लेख गर्दै प्राकृतिक विपत्तिका घटना न्यूनीकरणका लागि रुलिङको माग गर्नुभयो। सांसद कमला पन्तले देशभर डेङ्गु सङ्क्रमण र हैजा फैलनुको कारण पत्ता लगाएर जवाफ दिन सरकारलाई रुलिङ गर्न माग गर्नुभयो। सांसद राजेन्द्रलक्ष्मी गैरेले महिला हिंसाको घटना न्यूनीकरणका लागि विशेष योजना ल्याउन माग गर्नुभयो।

सांसद उर्मिला अर्यालले हुम्लाको सर्केगाड गाउँपालिकाका उपाध्यक्ष चन्द्रसिंह कार्कीको सुर्खेतबाट नेपालगञ्ज आउँदै गर्दा सडक दुर्घटनामा परेर मृत्यु भएको उल्लेख गर्दै सडक दुर्घटना न्यूनीकरणका विशेष योजना ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद भुवनबहादुर सुनारले चाडपर्वलाई लक्षित गरेर सडक दुर्घटना न्यूनीकरणका योजना सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद कृष्णप्रसाद पौडेलले चाडपर्व नजिकिएसँगै दैनिक उपभोग्य वस्तुको कालोबजारी, मिसावट र कृत्रिम अभाव हुन थालेको जनाउँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद महम्मद खालिदले कमला पुल पुनःनिर्माणको माग गर्दै अनशनरत युवाका स्वास्थ्य जटिल बन्दै गइरहेको जनाउँदै तत्काल माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

# 'विपद् व्यवस्थापनमा तीनै तहको साझेदारीमा काम भइरहेको छ'

काठमाडौँ, ६ भदौ (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले विपद् व्यवस्थापनमा तीन वटै तहको साझेदारी भइरहेको बताउनुभएको छ। प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदसँगको प्रश्नोत्तर कार्यक्रममा जवाफ दिँदै उहाँले विपद्पछिको पुनःनिर्माण र पुनःस्थापनामा तीनै तहका सरकारले सहकार्य र साझेदारी गरिरहेको उल्लेख गर्नुभयो।

"सीमित स्रोत र साधनका बाबजुद पनि विपद् प्रभावितको उद्धार, राहत र व्यवस्थापनमा स्थानीय प्रशासन, सुरक्षाकर्मी र स्थानीय सरकारले अहोरात्र काम गरिरहेका छन्", उहाँले भन्नुभयो।

अहिले मनसुनको समय चलिरहेको उल्लेख गर्दै उहाँले बाढी, पहिरोलगायतका प्राकृतिक विपत्तिबाट हुने क्षति वा जोखिम न्यूनीकरण गर्न र जनधनको क्षति हुन नदिन संवैधानिक र कानूनी प्रावधान बमोजिम तीनै तहबीच समन्वय र सहयोगमा काम भइरहेको बताउनुभयो।

खाद्य सुरक्षाका सम्बन्धमा सांसदले राख्नुभएको जिज्ञासामा उहाँले विस्तृत आधार भएको दिगो आन्तरिक चक्रीय अर्थतन्त्र विकासका लागि कृषिमा लगानी गर्न कृषिको क्षेत्रमा व्यवस्थित र रणनीतिक लगानीको आवश्यकता महसुस गरी कृषिमा लगानी दशक घोषणा गरिएको जानकारी गराउनुभयो।

"कृषिमा लगानी दशकको अवधारणा कुनै परियोजनाका रुपमा नभई सङ्घ, प्रदेश र स्थानीय तह एवं निजी, सहकारी, विकास साझेदार सबैलाई यस क्षेत्रमा अर्थपूर्ण लगानीका लागि अभिप्रेरित गर्ने एक अभियानका रूपमा सरकारले घोषणा गरेको हो", उहाँले भन्नुभयो।

### *'जलवायु परिवर्तनको ...*

देखिन्छ। हिमताल चलायमान र विचलन हुँदा वा हिमपहिरा झरेका ठाउँमा पानी धमिलो देखिन्छ। त्यहाँ तीन वटा तालमा कञ्चन पानी थिए। एउटा फुटेको र माथिको तालको पानी धमिलो देख्यौँ। जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भई ग्लेसियर र पर्माफ्रोस्ट पग्लिँदा हिमताल विस्फोट भएर थामे खोलामा बाढी आएको स्पष्टसँग देख्यौँ। जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको सङ्कट उत्पन्न भइसकेको छ। यस्ता खालका सङ्कटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौँ। जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रूपमा देखिएको छ। *(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा हिमताल फुटेर आएको बाढीको कारण र असरबारे बुधबार साँझ सञ्चारकर्मीलाई दिनुभएको जानकारीको सम्पादित अंश)*

### *तीन व्यवसायी ...*

मञ्च मधेश प्रदेशका उपाध्यक्ष राजकुमार गुप्ता, खाद्य निरीक्षक राजीव बुढाथोकी, प्रहरी निरीक्षक संतोष रसाईली, राजविराज भन्सार कार्यालयका अधिकृत सत्य नारायण सिह, करदाता सेवा कार्यालयका प्रतिनीधी डिल्ली रमण भण्डारी, खाद्य तथा गुणनियन्त्रण डिभिजन कार्यालयका प्रमुख विक्रम लिम्बु लगायत सहभागी थिए।

अनुगमनबाट पसल दर्ता नगरी गैर कानुनीरुपमा संचालन गरिएका पसल, नवीकरण नगराएका पसल लगायतका पसलका संचालकहरुलाई कानुनी व्यवस्था अनुसार प्रक्रियामा आउन सचेत समेत गराइएको टोलीले जनाएको छ।

अनुगमन टोली आएको सुँइको पाएपछी कतिपय व्यापारी पसल बन्द गरेर हिडेका थिए। टोलीले अनुगमन कार्यलाई निरन्तरता दिने जनाएको छ।


जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : बोदेबरसाईन नगरपालिका, सप्तरी


## विश्व समाचार

### रिएक्टर विस्फोटमा परी मृत्यु हुनेको संख्या १७ पुग्यो

अनाकपल्ली, आन्ध्र प्रदेश, ६ भदौ (रासस/एएफपी)।

आन्ध्र प्रदेशको अनाकपल्लीको अच्युतापुरम्स्थित विशेष आर्थिक क्षेत्र (सेज) मा रहेको एक औषधि कम्पनीमा भएको विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या बिहीबार १७ पुगेको छ। यसअघि बुधबार दिइएको जानकारीमा कम्तीमा तीन जनाको मृत्यु भएको र १७ जना घाइते भएको बताउनुभएको थियो।

अनाकपल्लीका जिल्ला प्रशासक विजय कृष्णनले मृत्यु सङ्ख्या १७ पुगेको पुष्टि गर्नुभएको छ। आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबु नायडुले घटनाको उच्चस्तरीय छानबिन गर्न निर्देशन दिनुभएको छ। घटनाप्रति दुःख व्यक्त गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले धेरै व्यक्तिको हताहत भएको उक्त दुर्घटनाले आफूलाई मर्माहत बनाएको बताउनुभएको छ। प्रधानमन्त्री कार्यालयले मृतकका परिवारलाई दुई लाख भारतीय रुपैयाँ दिने घोषणा गरेको छ।

प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अनाकपल्लीको एक कारखानामा भएको दुर्घटनामा परी भएको धेरै व्यक्तिको हताहतले दुःखी बनाएको छ। आफ्ना प्रियजनहरूलाई गुमाएकाहरूप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना!" विज्ञप्तिमा आगाडि भनिएको छ, "प्रत्येक मृतकका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई लाख भारतीय रूपैयाँ राशिको राहत प्रदान गरिनेछ। घाइतेलाई ५० हजार रूपैयाँ दिइने छ।"

### मानवअधिकार उल्लंघनको समीक्षा गर्न संयुक्त राष्ट्रसंघको टोली बंगलादेशमा

ढाका, ६ भदौ (रासस/एएफपी)।

शेख हसिनाको १५ वर्षे शासन अन्त्य गर्ने विद्यार्थी नेतृत्वको प्रदर्शनका क्रममा भएका कथित मानवअधिकार उल्लङ्घनको अध्ययन गर्न संयुक्त राष्ट्रसङ्घको एक टोली बिहीबार बङ्गलादेश पुगेको छ। एक महिनाभन्दा बढी चलेको विद्यार्थी आन्दोलनमा व्यापक जन सहभागिता देखिएपछि गत अगष्ट ५ मा पूर्व प्रधानमन्त्री हसिना हेलिकप्टरबाट भागेर छिमेकी मुलुक भारतको राजधानी नयाँ दिल्ली जानुभएको थियो। उहाँको राजिनाको जानकारी बङ्गलादेशका सेना प्रमुखले दिँदै देशले छिट्टै अन्तरिम सरकार गठन गर्ने बताउनुभएको थियो।

आन्दोलनका क्रममा ४५० जनाभन्दा बढीको मृत्यु भएको थियो भने अधिकांशले प्रहरीको गोली लागि वा बल प्रयोगका कारण ज्यान गुमाएका थिए। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले गत साता एक प्रारम्भिक प्रतिवेदनमा प्रदर्शनका क्रममा सुरक्षा बलले अनावश्यक र असमान बल प्रयोग गरेको भन्ने बलियो सङ्केत रहेको र थप स्वतन्त्र अनुसन्धानको खाँचो रहेको बताएको थियो।

"कथित उल्लङ्घनमा गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी र हिरासत, बलपूर्वक बेपत्ता पार्ने, यातना र दुर्व्यवहारका घटनासमेत समावेश छन्," विज्ञप्तिमा भनिएको छ। मानव अधिकार कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अब बङ्गलादेशमा उच्च स्तरीय समूहले 'मानव अधिकार उल्लङ्घनको अनुसन्धानको खाका' तयार गर्नेछ।"

संयुक्त राष्ट्रसङ्घको ढाकास्थित कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "छलफलका आधारमा आगामी हप्ताहरूमा अनुसन्धानका लागि छुट्टै तथ्य पत्ता लगाउने टोली परिचालन गर्न सकिन्छ। बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले संयुक्त राष्ट्रसङ्घका अनुसन्धानकर्तालाई आवश्यक पर्ने सबै सहयोग आफ्नो प्रशासनले गर्ने बताउनुभएको छ।

पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि व्यापक दुर्व्यवहार गरेको आरोप लागेको थियो, जसमा राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्या पनि समावेश थियो। हसिनाले गठन गरेको बङ्गलादेशी युद्ध अपराध न्यायाधिकरणले हालैको अशान्तिलाई लिएर आफ्ना संस्थापकमाथि तीनपटक 'सामूहिक हत्या' को अनुसन्धान सुरु गरेको छ। यी तीनवटै मुद्दा निजी व्यक्तिले ल्याएका हुन् र हसिनाका केही पूर्व उच्च सहयोगीहरूको पनि नाम लिइएको छ।

### गाजा सम्झौताका लागि बाइडेनद्वारा नेतान्याहुलाई दबाब

वासिङ्टन, ६ भदौ (रासस/एएफपी)।

मध्यस्तकर्ताहरूको आग्रहमा आयोजित गाजा युद्धविराम वार्ता अवरूद्ध भएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई हमाससँग गाजा युद्धविराम सम्झौताका लागि दबाब दिनु भएको छ। वार्ताका लागि गरिएका प्रयास सफल हुन नसकेपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन मध्यपूर्वको भ्रमणलाई अन्त्य गरेको केही समयपछि बाइडेन र नेतान्याहुबीच टेलिफोनमा कुराकानी भएको हो। मध्यपूर्वमा तनाव बढ्दै जाँदा अमेरिकी कुटनीतिज्ञ स्वदेश फिर्ता हुनले तत्काल थप वार्ताको सम्भावना देखिँदैन।

यद्यपि, सामाजिक सञ्जाल एक्समार्फत बाइडेनले युद्धविराम र बन्धक मुक्तिको सम्झौता बन्द गर्नुपर्ने जनाउँदै बाँकी अवरोध हटाउन आगामी कायरो वार्ताबारे छलफल गरेको जनाउनुभएको छ। तेहरानले हमासका शीर्ष नेताको हत्याको बदला लिने धम्की दिएपछि उहाँले नेतान्याहुसँग इरान र यसको आङ्कवादी समूहबाट हुने खतराविरुद्ध अमेरिकाले इजरायलको रक्षा र समर्थन गर्ने बताउनुभयो।

ह्वाइट हाउसले पनि अमेरिकी राष्ट्रपति बाइडेनले सम्झौतामा पुग्न 'तत्काल जोड दिएको' जनाएको छ। पराष्ट्रपति कमला ह्यारिसले पनि फोनमा नेतान्याहुसँग कुराकानी गरेको स्रोतले जनाएको छ।

एक्सियोस समाचारका अनुसार बाइडेनले नेतान्याहुलाई अमेरिका, इजिप्ट र कतारले मध्यस्थता गरिरहेको वार्तामा थप लचिलो हुन दबाब दिनुभएको छ। गत अक्टोबरमा हमासले गरेको आक्रमणपछि बाइडेन प्रशासनले इजरायलको समर्थनका लागि नेतान्याहुलाई सहयोग गर्दै प्यालेस्टिनी लडाकू समूहलाई निश्क्रय पार्न सैन्य सहायता प्रदान गर्दै आएको छ।

# एक करोड २९ लाख रुपैयाँ बराबरको सामानसहित तीन ट्रक प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**बारा, ६ भदौ ।**

जिल्ला प्रहरी कार्यालय बाराले एक करोड २९ लाख रुपैयाँ बराबरको बिल बिजकभन्दा फरक रहेको सामानसहित तीन वटा ट्रक नियन्त्रणमा लिएको छ ।

नियन्त्रणमा लिइएको ट्रक र बरामद सामान आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय पथलैयामा पठाइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले जनाएका छन् ।

सापकोटाका अनुसार भदौ ५ गते राति ९:४५ बजे जीतपुरसिमरा उपमहानगरपालिका-७, जीतपुरमा वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना४ख ८८७५ नम्बरको ट्रकमा लोड भएको अन्दाजी ३३ लाख ३२ हजार २२६ रुपैयाँ बराबरको किराना सामान, नरिवल, हार्डवेयरका सामान तथा अन्य खुद्रा सामान नियन्त्रणमा लिइएको हो ।

भदौ ५ गते नै राति ११:३० बजे वीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना७ख ५९२६ नम्बरको ट्रकमा लोड भएको अन्दाजी २८ लाख ९५ हजार ७१३ रुपैयाँ बराबरको लेडिज सुट, वाटर प्रुफ ग्लु लगायतका खुद्रा सामान नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

यस्तै, भदौ ५ गते पथलैया चोकमा वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको ना३ख ७३४२ नम्बरको ट्रकमा लोड गरेको अन्दाजी ६६ लाख ९० हजार १३१ रुपैयाँ बराबरको कपडा, ग्लास, फोटो पिक्चर, लेडिज सुट, रिबन, पूजा सामग्रीसहित अन्य खुद्रा सामान नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# पर्साका सरकारी कार्यालयको खर्च ५२ प्रतिशत

वीरगञ्ज (पर्सा), ६ भदौ (रासस) ।

मधेश-प्रदेश सरकार मातहतका पर्साका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत खर्च गरेका छन् ।

मधेश प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १६ वटा सरकारी कार्यालय र १४ वटा स्थानीय तहका लागि रु चार अर्ब ५१ करोड ४३ लाख ९५ हजार नौ सय ३८ विनियोजन गरेको थियो तर सरकारी कार्यालयले कुल विनियोजित बजेटमध्ये रु दुई अर्ब ३६ करोड २६ लाख २९ हजार तीन सय ७६ मात्र खर्च गरेका छन् । पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको ६३ दशमलव ४३ प्रतिशत अर्थात रु ७६ करोड ९५ लाख ८२ हजार चार सय दुई चालु खर्च गरेका छन् ।

पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित पुँजीगत खर्चको ४८ दशमलव २६ प्रतिशत अर्थात एक रु अर्ब ५९ करोड ३० लाख ४६ हजार नौ सय ७४ खर्च गरेका छन् । प्रदेश लेखा इकाई कार्यालय वीरगञ्जका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले गत आवमा प्रदेश मातहत पर्साका सरकारी कार्यालयले विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत मात्रै खर्च गरेको बताउनुभयो ।

"मधेश प्रदेश मातहतका सरकारी कार्यालयले समयमै बजेट खर्च नगर्ने कारण अपेक्षाकृत पुँजीगत खर्च नभएको हो," उहाँले भन्नुभयो, "खर्च गर्दा पनि असार महिनामा मात्रै अत्यधिक खर्च गर्ने परिपाटीले समस्या ल्याएको हो । मलेपको फारम नम्बर अनुसारको खर्च नगर्ने प्रवृत्ति छ ।"

कोष नियन्त्रक ठाकुरले बजेट खर्च गर्न समयमै कार्यादेश र बोलपत्र आह्वान प्रक्रिया अघि नबढाउँदा समयमा खर्च नहुने समस्या देखिएको धारणा राख्नुभयो । पर्सामा मधेश प्रदेश मातहतका सरकारी कार्यालय १६ वटा र १४ स्थानीय तह छन् ।

मधेश प्रदेश सरकारले गत आवमा पर्सा जिल्ला मातहतका १४ स्थानीय तहलाई रु २४ करोड ७३ लाख पाँच हजार बजेट विनियोजन गरेको थियो । सबै स्थानीय तहले सो अवधिमा कूल विनियोजित बजेटको ७३ दशमलव ०४ प्रतिशत अर्थात रु १८ करोड ६ लाख २२ हजार दुई सय ५० खर्च गरेका छन् ।

प्रदेश लेखा इकाइ कार्यालय वीरगञ्जका अनुसार गत आवमा प्रदेश मातहतका सरकारी कार्यालयले रु एक अर्ब ६५ करोड ६४ लाख ८१ हजार छ सय ४३ राजस्व सङ्कलन गरेको छ । यो राजस्व रकममध्ये यातायात व्यवस्था कार्यालय वीरगञ्जको हिस्सा रु एक अर्ब ५२ करोड रहेको छ । बाँकी राजस्व अन्य कार्यालयको हो ।

# स्वास्थ्य बीमाको सुविधा थैली कार्यान्वयनमा

काठमाडौँ, ६ भदौ (रासस) ।

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवाको परिमार्जित विवरण र दर कार्यान्वयन गरेको छ ।

स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवासुविधा लागू गरिएको बोर्डका जनस्वास्थ्य अधिकृत विकेश मल्लले जानकारी दिनुभयो । बोर्डले परिमार्जन गरिएको सुविधा थैली गत साउन १ गतेदेखि लागू गर्ने भने पनि तयारी नपुगेको कारणले भदौदेखि लागू गरिएको हो ।

बोर्डले विज्ञहरुको सुझावअनुसार र बजारको अवस्थालाई हेरेर सुविधा थैलीको सेवासुविधाको नयाँ दररेट कायम गरेको छ । नयाँ सुविधा थैलीमा स्वास्थ्य बीमाअन्तर्गत एक हजार दुई सय ९० प्रकारका औषधि छन् । अस्पताल टिकट रु ५० तोकिएको छ । शय्याको प्रतिदिन रु दुई सय ५० राखिएको छ । यसअघि साधारण शय्याको रु दुई सय थियो ।

स्वास्थ्य बीमा कार्यक्रममाअन्तर्गत पाँचजना परिवारसम्मका लागि रु तीन हजार पाँच सय बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ ।

यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान छ । स्वास्थ्य बीमा कार्यक्रमको अधिकतम सेवा सुविधाको सीमा रु दुई लाखसम्म तोकिएको छ ।

बीमा कार्यक्रममा कूल बीमित परिवार सङ्ख्या २३ लाख ९२ हजार ६ सय ७६ जना र कूल बीमित जनसङ्ख्या ७७ लाख ४१ हजार चार सय ८३ जना रहेको छ ।

# 'भ्रष्टाचारको मुद्दामा कुनै किसिमको हद म्याद राख्न मान्य छैन'

काठमाडौँ, ६ भदौ (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले भ्रष्टाचारको मुद्दामा कुनै पनि किसिमको हदम्याद लागू हुन नदिने बताउनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको आकस्मिक समयमा सांसद लामिछानेले सरकारले भ्रष्टाचारको मुद्दामा पाँचवर्षे हदम्याद राख्ने विधेयकप्रति आपत्ति जनाउनुभयो । उहाँले भन्नुभयो, "भ्रष्टाचारको कुनै पनि हदम्याद मान्य हुनेछैन । यस विषयमा 'नो इफ, नो बट' हाम्रो कुरा 'क्लियर कट' ।" सरकारले नीतिगत भ्रष्टाचारको विषयमा परिभाषा समेत प्रस्ट पार्नुपर्ने सभापति लामिछानेले बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) का सांसद रोशन कार्कीले आफ्नो पार्टी भ्रष्टाचारीलाई छुट दिनु हुँदैन भन्नेमा प्रस्ट रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "भ्रष्टाचारीलाई छुट दिनु हुँदैन । हदम्याद राख्नु हुँदैन भन्नेमा हामी प्रस्ट छौँ ।"

नेकपा (माओवादी केन्द्र)का सांसद शक्तिबहादुर बस्नेतले देशमा ८२ प्रतिशत स्थानमा बस्ती प्राकृतिक विपत् ग्रस्त क्षेत्र भएको उल्लेख गर्दै विपत्मा भूकम्पबाट पीडित जाजरकोटवासीलाई तुरुन्तै अस्थायी आवासको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसदहरू सुमना श्रेष्ठ, राजकिशोर यादव, सुशीला थिङ, सरस्वती बजियम, रामकुमार राई, अम्रेसकुमार सिंह, शङ्कर भण्डारी, प्रेमबहादुर महर्जन, ईश्वरबहादुर रिजाल, मैना कार्की, अब्दुल खान, रामहरि खतिवडालगायतले विपत् व्यवस्थापन र सवारी दुर्घटना जोखिम न्यूनीकरणका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।




## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौ: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*